म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २५६ | आइतबार, २० बैशाख २०८३ | ने. सं. ११४६ बछलागा | 3 May 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## महालक्ष्मी साहित्य समाजको अध्यक्षमा खत्री

हेटौंडा, १९ बैशाख/महालक्ष्मी साहित्य समाजको अध्यक्षमा विनोद खत्री आकाश चयन भएका छन् । संस्थाको तेस्रो अधिवेशनबाट खत्रीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन भएको हो । समितिको उपाध्यक्षमा जुमन किरण, सचिवमा नीरा श्रेष्ठ र कोषाध्यक्षमा रुबिना राना चयन भएका छन् । सदस्यमा पुरुषोत्तम बस्नेत, पुष्कर थापा, सुमन घिमिरे, महेश गौतम, विष्णु थापा, होमनाथ खत्री र राजाराम राउत सर्वसम्मतरुपमा चयन भएका छन् । नयाँ कार्यसमितिको कार्यकाल दुई वर्षको रहनेछ । संस्थाले आगामी दिनमा साहित्यिक गतिविधिलाई अझ सशक्त बनाउने र स्थानीय स्रष्टालाई प्रोत्साहन गर्ने लक्ष्य लिएको छ । वि.सं. २०७९ सालमा स्थापना भएको यस संस्थाले संस्थागत साहित्यको विकास र प्रवर्द्धन गर्ने उद्देश्यकासाथ नियमित साहित्यिक श्रृंखला, पुस्तक प्रकाशन तथा स्रष्टा सम्मान जस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# थाहानगरमा तीनवर्षे बज्रबाराही जात्रा सुरु

साझाकुरा संवाददाता



हेटौंडा, १९ बैशाख/ मकवानपुरको थाहा नगरपालिका-६ टिष्टुङ बज्रबाराहीमा हरेक तीनवर्षमा तीन दिनसम्म लाग्ने बज्रबाराही जात्रा शनिबारदेखि सुरु भएको छ ।

चण्डीपूर्णिमा अर्थात वैशाख पूर्णिमाको दिनदेखि बज्रबाराहीको जात्रा सुरु हुन्छ । जात्राको पहिलो दिन गाँउबाट देवताहरु ल्याएर टिष्टुङस्थित बज्रबाराही पीठमा राख्ने गरिन्छ । पूर्णिमापछिको शनिबारका दिन यहाँका बस्तीका प्रत्येक घरबाट बलीसहित पूजासामग्री ल्याएर दिनभर पूजा गर्ने गरिन्छ । तेस्रो दिन गाँउबाट ल्याइएका देवता फर्काइन्छ । उपत्यकालाई रक्षागर्ने चार बाराहीमध्ये एक ललितपुरस्थित बज्रबाराहीको मन्दिर नेपाल सम्वत ७८६ मा निवास मल्लले बनाउन लगाएको इतिहास छ । टिष्टुङमा बज्रबाराहीलाई ललितपुरको बज्रबाराहीको आमाको रुपमा लिने गरिन्छ ।

यहाँ प्रत्येक तीनवर्षको अन्तरालमा वैशाख पूर्णिमापछिको शनिबार पारेर जात्राको सुरुवात हुने परम्परा छ । थाहा नगर पालिका-६ नम्बर वडा कार्यालय र स्थानीय गुठी व्यवस्थापन समितिले जात्राको व्यवस्थापन गरिरहेको वडाध्यक्ष राजनभक्त श्रेष्ठले बताए । तान्त्रिक विधि अनुसार पूजाआजा गर्नुका साथै टिस्टुङ क्षेत्रको इस्टदेवता नै बज्रबाराही भएकाले आराधाना गर्दा मात्र मानवकल्याण हुने जनविश्वास छ । गुठीको नाममा रहेको २ सय ४ रोपनी जग्गाको आयस्रोतले जात्रा र गुठी संचालन हुँदै आएको छ ।

जात्रामा यसक्षेत्रका विभिन्न जातिहरु आआफ्नै भेषभूषा, संस्कृति र बाजागाजाकासाथ सहभागिता जनाउँछन् । जात्रा संचालन र ब्यवस्थापनका लागि १३ वटा गुठी संचालनमा छन् । एउटा गुठी नेपाल सरकारका नाममा संचालित छन् । गणेश गुठी, कुमारी गुठी, बाराही गुठी, ईन्द्रायणी गुठी, भैरव गुठी, बाजा ब्यवस्थापन गुठीलगायत गुठी छन् । जात्राका बेलामा बाराहीपीठमा बली दिनका लागि पहिले नै दुईवटा राँगा खुलारुपमा छाडिएको हुन्छ । यसरी छाडिएको राँगालाई कुट्न, लखेट्न र थुन्न हुँदैन भन्ने मान्यता छ । छाडिएका राँगाहरु जहाँ पुगेपनि स्थानीयले पिठोलगायतका खानेकुरा खुवाएर पठाउने गर्छन् ।

जात्रा सुरु हुनुपूर्व पूजारीले आइतबारदेखि शुक्रबारसम्म मध्यरात मन्दिरमा (पीठ) मा गएर पूजा गर्छन् । जसलाई 'चा'पूजा भनिन्छ । 'चा' भनेको नेवारी भाषामा रात हो । 'यसरी 'चा' पूजा अर्थात् रात पूजा गर्न जानेहरु दुबै जना घर नफर्केसम्म एकअर्कासँग बोल्न हुँदैन, पछाडि फर्केर पनि हेर्नु हुँदैन' स्थानीयवासी महेश्वर महर्जनले भने, 'त्यसको भोलिपल्ट देवीको पूजा गरिन्छ । तान्त्रिक विधिबाट क्षमापूजा गरेपछि स्थानीय कर्माचार्यमध्ये जसलाई देवता चढ्छ उसलाई नै खड्ग दिइन्छ । ऊ नै ख:द्यो बन्न पाउँछ । यसरी ख:द्यो चयन भएपछि उसले सेतो जामा र सेतो बेताली लगाएर खड्ग बोकी काम्दै बाहिर निस्कन्छन् ।'

जात्राको पहिलो दिनको मध्यरातमा विशेष पूजा गरिन्छ । यो पूजा गरेको हेर्नका लागि धेरै मान्छे राति नै उठेर मन्दिर जाने गर्छन् । यो पूजाअन्तर्गत सुरुमा देउला समुदायले ल्याएको पूजा गरिन्छ जसलाई सरकारी पूजाको रुपमा लिइन्छ । यो पूजामा सर्प, भ्यागुतो, हाँस, भेडा, कीराफट्याङग्रा, माछा, चरा, भाले, बोका र राँगा लगायतको बली दिइन्छ । यसरी बली दिनका लागि हरेक जीवको भाले-पोथी जोडी नै पीठ (मन्दिर)मा लगिन्छ । भालेलाई बली दिइन्छ भने पोथीलाई मन्दिरस्थलमा छाडिन्छ ।

आइतबारको दिनलाई जात्राको मुख्य दिन मानिन्छ । यो दिन टाढाटाढाबाट दर्शनार्थी आउँछन् । जात्राको दोस्रो दिन बिहान झिसमिसेदेखि नै बली दिन सुरुहुन्छ । पञ्चबली दिनेहरुले पनि यहीदिन पूजा गर्छन् । पञ्चबलीमा बोका, हाँस, भाले, राँगा र भेडाको बली दिइन्छ । यहीदिन तीन वर्षदेखि भाकल राखेकाहरुले बलीपूजा गर्छन् । मन्दिरमा पशुपन्छी मात्रै होइन फलफूल पनि उत्तिकै चढाइन्छ । पूजा सकिएपछि अघिल्लो राति बली दिइएका दुईवटा राँगाका मुटु र बोकाको टाउको यज्ञमा होमिन्छ । विशेष मन्त्रोच्चारण गर्दै यज्ञ गर्ने चलन छ । यो यज्ञपश्चात बाराहीको शक्तिपीठमा बली दिइदैन ।

जात्राको तेस्रो अर्थात अन्तिमदिन सर्वप्रथम पीठमा बली दिई छाडिएका जीवहरुको टाउको संक्लन गरिन्छ । त्यसपछि देवतालाई फूलपातीले छोप्ने र त्यसमाथि मासु र भातले छोप्ने चलन छ । त्यही मासु र भातलाई देवता फर्काउनु अघि प्रसादका रुपमा बाँडिन्छ । प्रसाद लिनेहरुको भीड हुने भएकाले पूजारीले माथिमाथि र टाढाटाढासम्म फयाँकेर प्रसाद दिने गर्दछन् । धार्मिक आस्था र मान्यताअनुसार यो प्रसाद खाँदा स्वस्थ्य हुने र रोगव्याधि निको हुने विश्वास छ । यो दिनमा खुवाइने जाँड पहिले देउला समुदायले खान्छन् र त्यहीं जुठो जाँड देवताहरुलाई खुवाइने स्थानीय प्रमोद जोशी बताउँछन् । उनले भने, 'त्यो जाँड पछि अन्य सर्वसाधारणलाई पनि बाड्ने चलन छ ।'

# अटो शोका लागि बजेटिङ गर्ने मुख्यमन्त्री बानियाँको प्रतिबद्धता




साझाकुरा संवाददाता

हेटौंडा, १९ बैशाख/ भरतपुरस्थित चितवन प्रदर्शनी केन्द्रमा 'चितवन अटो शो २०२६' को दोस्रो संस्करण सुरु भएको छ । चितवन अटोमोवाइल्स डिलर्स एशोसिएसन र चितवन अटोमोवाइल्स एशोसिएसनको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रमलाई भरतपुर महानगरपालिका, चितवन उद्योग संघ र चितवन उद्योग वाणिज्य संघले सहकार्य गरेका छन् ।

कार्यक्रमको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले गरेका हुन् । उद्घाटन समारोहमा उनले प्रदेश सरकारले आगामी नीतिमा अटो व्यवसायीको समस्याको समाधान गर्ने तथा प्रत्येक वर्ष अटो शोका लागि बजेट व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरे । चितवन अटोमोवाइल्स डिलर्स एशोसिएसनका अध्यक्ष ईन्द्रप्रसाद रेग्मीले स्वागत मन्तव्य राखेको कार्यक्रममा संयोजक राजन पियाले अटो शोको उद्देश्य र कार्यक्रमबारे जानकारी दिएका थिए । कार्यक्रममा भरतपुर महानगरपालिका कार्यवाहक नगरप्रमुख चित्रसेन अधिकारी, नेपाल अटो मेकानिकल व्यवसायी महासंघका अध्यक्ष गोपाल भट्टराई, चितवन उद्योग संघका अध्यक्ष मदन घिमिरे तथा चितवन उद्योग वाणिज्य संघका उपाध्यक्ष जनककुमार पौडेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

आयोजककाअनुसार अटो शोले नवीनप्रविधि, सवारीसाधन तथा विशेष अफर एकै ठाउँमा उपलब्ध गराउँदै अटोमोवाइल बजार लाई चलायमान बनाउने अपेक्षा गरिएको छ । विशेषगरी विद्युतीय सवारी (ईभी) र आधुनिक प्रविधिबारे उपभोक्तालाई जानकारी गराउने, नयाँ गाडी खरिदअघि निरीक्षण गर्ने तथा बजारको अवस्थाबारे बुझ्ने अवसर प्रदान गर्ने लक्ष्य राखिएको छ । अटो शोमा सवारीसाधन, स्पेयर पार्ट्स, लुब्रिकेन्ट्स तथा बैंकिङ सेवा एकै ठाउँमा उपलब्ध हुनेछन् । अटोक्षेत्रका विज्ञहरुद्वारा 'अटो सेमिनार' तथा विद्यार्थी र अभिभावक लक्षित 'हेल्मेट प्रयोग सचेतना कार्यक्रम' र अन्तर्राष्ट्रियस्तरको हेल्मेट वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

करिब १० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको यस अटो शोमा ५० करोड रुपैयाँ बराबरको आर्थिक कारोबार हुने अनुमान गरिएको छ । दैनिक स्थानीय कलाकारको प्रस्तुतिसहित सांस्कृतिक कार्यक्रम आयोजना गरिनेछ । कार्यक्रमको समापन चितवन अटोमोवाइल्स एशोसिएसनका अध्यक्ष मोहन केसीले गरे ।

### बागमती गोल्डकपः

# एपीएफलाई हराउँदै चित्लाङको विजयी सुरुवात



साझाकुरा संवाददाता

हेटौंडा, १९ बैशाख/ काठमाडौंको चित्लाङ एफसीले मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौँ संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितामा पहिलो जीत निकालेको छ ।

शनिबार बागमती-४ स्थित सहिदस्मृति रंगशालामा भएको खेलमा चित्लाङले एपीएफलाई २-१ गोलले पराजित गरेको हो । चिल्ताङका लागि विदेशी खेलाडी सोलोमन किङले खेलको ११ औं मिनेटमा पेनाल्टीमार्फत् र एरोन थापाले दोस्रो हाफको ६० औं मिनेटमा एक-एक गोल गरे ।

एपीएफका बुद्धिमान राईले ४७ औं मिनेटमा एक गोल फर्काए । प्लेयर अफ दि म्याच चित्लाङका लक्ष्मण थापा घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । चित्लाङले अब मछिन्द्रसँग सेमिफाइनल प्रवेशका लागि मंगलबार खेल्नेछ । मछिन्द्र समूह 'बी'बाट बाई पाएको क्लब हो । मछिन्द्र बागमती गोल्डकपको छैठौं संस्करणको विजेता र सातौं संस्करणको उपविजेता टोली पनि हो ।

प्रतियोगिताअन्तर्गत आइतबार बैशाख २० गते सातौं संस्करणको विजेता चर्च ब्वाइज र सर्लाहीको बागमती युथबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको सेमिफाइनल खेल २३ गते र २४ गते हुनेछ भने फाइनल खेल बैशाख २६ गते हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# मकवानपुरकी शान्तिलाई प्रज्ञा प्रादेशिक पुरस्कार



साझाकुरा संवाददाता

हेटौंडा, १९ बैशाख/ मकवानपुरकी साहित्यकार शान्ति प्रियवन्दना प्रज्ञा प्रादेशिक पुरस्कार बाट सम्मानित भएकी छिन् । नेपाल प्रज्ञाप्रतिष्ठानले शान्तिलाई सम्मान गरेको हो ।

प्रत्येक वर्ष विभिन्न विधाका प्रज्ञा पुरस्कार वितरण गर्दै आएको नेपाल प्रज्ञाप्रतिष्ठानले यसवर्षदेखि प्रज्ञा प्रादेशिक पुरस्कार पनि दिन सुरुवात गरेको हो । यस पुरस्कारको राशि ५० हजार रुपैयाँ रहेको छ । शान्ति प्रियवन्दनाले बागमती प्रदेशको प्रतिनिधित्व गर्दै यो पुरस्कार पाएकी हुन् । पुरस्कार वितरण कार्यक्रम बिहीबार काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहल भएको थियो । तर, स्वास्थ्य समस्याका कारण उनी कार्यक्रममा उपस्थित भने हुन सकिनन् । २०३५ साल बैशाख १ गते मकवानपुरको भीमफेदी-४ मा जन्मिएकी शान्तिको वास्तविक नाम शान्तिकुमारी सुवेदी हो । शान्ति प्रियवन्दना भने उनको साहित्यिक नाम हो । उनको पहिलो रचना 'कसम नखाउ' शीर्षकको कविता हो, जुन २०५४ सालमा हेटौंडा-६ स्थित नवजीवनज्योति क्लबको स्मारिकामा प्रकाशन भएको थियो ।

नेपाली साहित्यमा स्नात्तकोत्तर गरेकी शान्तिले विशेषगरी अखबारी लेखन, कविता र निबन्ध लेख्ने गर्छिन् । पछिल्लो समय हेटौंडा-४ मा बस्दै आएकी उनी हाल प्रगतिशील लेखक संघ बागमती प्रदेशको अध्यक्ष र प्रगतिशील लेखक संघ नेपालको केन्द्रीय सचिवालय सदस्य छिन् । यसअघि उनले आँचल साहित्य कलापुञ्ज मकवानपुरको सहसचिव, मातृभूमि साहित्य समाजको सचिव, साहित्य संगम मकवानपुरको कार्यसमिति सदस्य, प्रगतिशील लेखक संघ मकवानपुरको अध्यक्ष, प्रगतिशील लेखक संघ बागमतीको सचिवालय सदस्य र नेपाल प्रज्ञाप्रतिष्ठान काव्य विभागको सदस्यको रुपमा काम गरिसकेकी छिन् ।

उनी यसअघि तुलसीमाया शिवकुमारी स्मृति सिर्जनशील नारी पुरस्कार २०७५ (मकवानपुर), सुशीला दंगाल स्मृति सिर्जनशील नारी सम्मान २०७८ (मकवानपुर) र शान्तिदेवी स्मृति वनस्खण्डी साहित्य सम्मान २०७८ (मकवानपुर) बाट सम्मानित भएकी थिइन् । यसैगरी साहित्य पोष्ट उत्तम काव्य पुरस्कार २०७८ (काठमाडौं), जसुदा साहित्य सम्मान २०७८ (धनगढी) र जागरुक महिला सम्मान २०८० (मकवानपुर) प्राप्त गरिन् । अहिलेसम्म उनको एउटामात्र कृति प्रकाशनमा आएको छ । उनको 'जिल खाइरहेको एक्काइसौं शताब्दी' कविता संग्रह २०७८ सालमा प्रकाशनमा आएको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# सिस्नेरीको पानी काठमाडौंमा: समाधान कि नयाँ विवाद ?

काठमाडौं उपत्यकामा बढ्दो जनसंख्या, अनियन्त्रित सहरीकरण र जलस्रोतको अव्यवस्थापनका कारण खानेपानी समस्या वर्षौंदेखि जटिल भएको छ । मेलम्ची आयोजनाले केही राहत दिएको भएपनि त्यो पर्याप्त छैन र भएन । यही पृष्ठभूमिमा काठमाडौं उपत्यकाको खानेपानी समस्या दीर्घकालीन समाधान गर्ने उद्देश्यसहित मकवानपुरका सिस्नेरी र कोगटे खोलाको पानी उपत्यकामा लैजाने योजना अघि बढाइएको छ । पाँचवर्षको अध्ययनपछि विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार हुनु आफैंमा एक महत्वपूर्ण चरण हो तर, यसले उठाउने प्रश्न र चुनौतीलाई बेवास्ता गर्न मिल्दैन । प्रस्तावित योजनाअनुसार मकवानपुरको उत्तरीक्षेत्र, विशेषत:भीमफेदी गाउँपालिका-८ र सिस्नेरी गाउँपालिका-३ को दोभान पैयुदमार क्षेत्रमा ५० मिटर लम्बाइ र ६५ मिटर उचाइको ड्याम निर्माण गरिनेछ । ईन्द्रसरोवर गाउँपालिका क्षेत्रको सिस्नेरी खोला र भीमफेदीको कोगटे खोलाबाट संकलित पानी पम्पिङ गरी दाबराङडाँडासम्म पुऱ्याइने र त्यहाँबाट ग्राभिटी फ्लोमार्फत् ललितपुरको मख्खुबेंसी हुँदै भैंसेपाटीस्थित ट्यांकीमा खसालिने योजना छ । भैंसेपाटीमा संकलित पानी उपत्यकाका विभिन्न भागमा वितरण गरिनेछ ।

यो आयोजना प्राविधिक दृष्टिले आकर्षक देखिए पनि यसले स्थानीय समुदाय, वातावरण र दीगो व्यवस्थापनका सवालमा गहिरो बहसको माग गर्छ । पहिलो प्रश्न स्थानीय जलस्रोतको उपयोगबारे हो । सिस्नेरी र कोगटे खोलाको पानी काठमाडौं लैजाँदा स्थानीय बासिन्दाको वर्तमान र भविष्यको पानी आवश्यकता कत्तिको सुरक्षित रहन्छ ? कृषि, पशुपालन र स्थानीय जीवनशैलीमा पर्नसक्ने प्रभावको मूल्यांकन भएको छ कि छैन ? डिपीआरले प्राविधिकपक्ष समेटे पनि सामाजिक प्रभाव मूल्यांकन र वातावरणीय प्रभाव मूल्यांकन कति गहिरो र विश्वसनीय छन् भन्ने प्रश्न महत्वपूर्ण छ । दोस्रो सवाल, वातावरणीय सन्तुलनको विषय गम्भीर छ । ड्याम निर्माणले नदीको प्राकृतिक बहाव, जैविक विविधता र भू-परिस्थितिमा असर पार्न सक्छ । पहाडी भूभागमा ठूलो संरचना बनाउँदा भूस्खलन, माटो कटान र दीर्घकालीन वातावरणीय जोखिम बढ्न सक्ने तथ्य नेपालले विगतका आयोजनाबाट सिकेको पाठ हो । यदि वातावरणीय सुरक्षालाई प्राथमिकतामा नराखी आयोजना अघि बढाइयो भने आजको पानी समस्या समाधान गर्ने नाममा भोलिको ठूलो विपद् निम्त्याउने खतरा रहन्छ । तेस्रो सवाल, आर्थिक र व्यवस्थापन पक्ष पनि कम चुनौतीपूर्ण छैन । पम्पिङ प्रणालीमा आधारित आयोजना ऊर्जामा निर्भर हुन्छ । बिजुली आपूर्ति, सञ्चालन लागत र दीर्घकालीन मर्मतसम्भार कसरी सुनिश्चित गरिन्छ ? मेलम्चीको अनुभवले देखाएको छ–संरचना बनाउनु मात्र समाधान होइन, नियमित सञ्चालन र पारदर्शी व्यवस्थापन नै सफलताको मूल चाबी हो । मख्खुबेंसीमा निर्माण गरिने ट्रिटमेन्ट प्लान्टको क्षमता, प्रविधि र पानीको गुणस्तर सुनिश्चित गर्ने संयन्त्र पनि स्पष्ट र विश्वसनीय हुनुपर्छ । चौथो सवाल, शासन र विश्वासको प्रश्न हो । काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र सम्बन्धित निकायले आयोजना प्रक्रियामा स्थानीय तह, नागरिक समाज र विज्ञहरुको सहभागिता कत्तिको सुनिश्चित गरेका छन् ? स्थानीय समुदायको सहमतिबिना अघि बढाइने कुनैपनि आयोजना दीर्घकालीनरुपमा टिकाउ हुँदैन । पानी राष्ट्रिय सम्पदा हो तर, त्यसको स्रोतमा बसोबास गर्ने नागरिकको पहिलो अधिकार पनि हो ।

सिस्नेरी-कोगटेको पानी काठमाडौं उपत्यकामा लैजाने अवसर र चुनौती दुवै हो । सही योजना, पारदर्शी कार्यान्वयन, वातावरणीय संवेदनशीलता र स्थानीय हितको सम्मानसहित अघि बढाइयो भने यो आयोजना दीर्घकालीन समाधानको आधार बन्न सक्छ । तर, यी पक्षलाई बेवास्ता गरियो भने यो अर्को विवादित आयोजना बन्ने जोखिम उत्तिकै छ । त्यसैले अबको आवश्यकता हतार होइन, समन्वय, उत्तरदायित्व र दीगो सोच हो । पानीको संकट समाधान गर्ने नाममा नयाँ संकट नथपियोस् । ट्रिटमेन्ट प्लान्टबाट डबल पम्पिङ गरेर भैंसेपाटीमा रहेको ट्यांकीमा खसालिने योजना रहेको बताइएको छ जुन कत्तिको सम्भाबित छ ? पैयुदमारबाट भैंसेपाटी २० किलोमिटरको दुरीमा पर्छ । तीन दसकको अथक प्रयासबाट मेलाम्चीको पानी काठमाडौं पुऱ्याउँदा पनि पानीको माग धान्न सक्ने अवस्था नदेखिएपछि मेलम्चीको बिकल्प कोगटे खोला रोजिएको हो । करिब ३३ अर्ब लागतमा निर्माण हुने यो आयोजनाबाट वर्षायाममा दैनिक १४ करोड लिटर र सुक्खायाममा ८ करोड लिटर पानी भैंसेपाटीको ट्यांकीमा खसालिने योजना छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख २१ गते सोमबार ४ मे २०२६ । तृतीया, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:२४ सूर्यास्त ६:३८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रु वृद्धि | तुला | : साझेदारीकार्यमा सफलता |
| वृष | : भाग्यबाट सन्तोष | वृश्चिक | : वैदेशिक कार्यमा अवरोध |
| मिथुन | : ऋणभार बढनाले खिन्नता | धनु | : सम्पत्तिबाट लाभ |
| कर्कट | : अनावश्यक झंझट | मकर | : मांगलिक कार्यमा मन |
| सिंह | : गृहकलहमा वृद्धि | कुम्भ | : मानसम्मानमा वृद्धि |
| कन्या | : आफन्तमा मनोमालिन्य | मीन | : आर्थिक हानि |

# नीतिगत विभेद अन्त्य भए सानाले देश बनाउँछन्



ई. सुशील श्रेष्ठ

परिवर्तनको आशमा जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई झन्डै दुई तिहाइको मत दिएका छन् । लामो समय आशा र अपेक्षा बाँडेका अन्य राजनीतिक दलले केही नगरेपछि आशा राख्नु स्वाभाविक नै हो । मुलुकमा रहेको बेरोजगारी र युवा पलायन रोक्नु सरकारको प्रमुख दायित्व छ । आशा र दायित्वसहित देशमा साना तथा मझौला उद्योगीको आह्वान- नीतिगत सुधारविना आर्थिक रूपान्तरण असम्भव छैन । यसका लागि आवश्यक पर्ने औद्योगिक नीति अविलम्ब बनाउनुपर्छ । पूँजी र जनशक्ति पलायन रोक्नु कम कठिन काम भने होइन । तर, सरकारमा रहेका साना तथा मझौला उद्योगीलाई प्रोत्साहन गर्ने खालका नीति ल्याएको खण्डमा असम्भव भने छैन ।

विभिन्न अन्तर्राष्ट्रिय अध्ययनअनुसार नेपालका साना तथा मझौला उद्योगहरूले कुल रोजगारीको करिब ७० प्रतिशतभन्दा बढी हिस्सा ओगटेका छन् भने कुल उद्योगको ९० प्रतिशतभन्दा बढी यिनै क्षेत्रले समेटेका छन् । तर, यी उद्योगले प्राप्त गर्ने कर्जा, अनुदान र नीतिगत सहुलियतको हिस्सा भने अत्यन्त न्यून रहेको देखिन्छ । २०४६ सालको जनआन्दोलन पछि नेपालले राजतन्त्रात्मक व्यवस्थाबाट संवैधानिक राजतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रा तय गरेको छ । यस अवधिमा राजनीतिक संरचना धेरै परिवर्तन भए, संविधान बने, शासनका स्वरूप फेरिए, तर आम नागरिक विशेष गरी हामीजस्ता मध्यमवर्गीय तथा साना-मझौला उद्योग व्यवसायीको जीवनस्तर अपेक्षित रूपमा उकासिन सकेको छैन । हामीमध्ये धेरैले गाउँ छोडेर शहर रोजेका छन् ।

शिक्षा र उज्ज्वल भविष्यको खोजी गरेका छन् । तर दशकौंको परिश्रमपछि पनि आर्थिक स्थायित्व प्राप्त गर्न संघर्ष गर्नुपरिरहेको छ । नेपालको अर्थतन्त्रमा साना तथा मझौला उद्योगको योगदान अत्यन्त महत्वपूर्ण छ । उदाहरणका लागि, छिमेकी भारतले 'माइक्रो, साना तथा मझौला उद्योग' क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै सहुलियत ऋण, कर छुट र प्रविधि हस्तान्तरणमार्फत औद्योगिक विस्तारलाई तीव्रता दिएको छ । चीनले पनि साना उत्पादनमूलक उद्योगलाई निर्यातसँग जोड्दै विश्व उत्पादन केन्द्रको रूपमा आफूलाई स्थापित गर्न सफल भएको हो ।

विभिन्न अध्ययनअनुसार देशको कुल उद्योगमध्ये करिब ९० प्रतिशतभन्दा बढी यस्तै साना तथा मझौला प्रकृतिका छन्, जसले रोजगारी सृजनामा ठूलो भूमिका खेलिरहेको छ । तर विडम्बना पहुँचवाला, ठूला घराना र सीमित शक्तिशाली समूहले नीतिगत लाभ लिँदा वास्तविक उत्पादक वर्ग भने उपेक्षित रहँदै आएका छन् । विदेशबाट उच्च शिक्षा हासिल गरेर स्वदेशमै केही गर्ने दृढ संकल्पसहित फर्किएका युवाहरूले विगत १५-२० वर्षमा उल्लेखनीय प्रयास नगरेका होइनन् । तर, नीति, पहुँच, पूँजी र संरचनागत अवरोधका कारण उनीहरूको ऊर्जा पूर्णरूपमा उपयोग हुन सकेको छैन । नवप्रवर्तन र स्टार्टअपको चर्चा भए पनि दीर्घकालदेखि सञ्चालनमा रहेका साना व्यवसायलाई सुदृढ गर्ने ठोस कार्यक्रमको भने अभावै छ ।

हामी यस्तो पुस्ता हौँ, जसले विनाशकारी भूकम्प, अघोषित नाकाबन्दी, कोभिड महामारी र बारम्बारका राजनीतिक अस्थिरता भोगेका छौँ । यी सबै चुनौतीका बीच टिकेका यस्ता व्यवसायहरू वास्तवमा देशको 'आर्थिक मेरुदण्ड' हुन् । यदि यिनलाई संरक्षण र प्रवर्द्धन गर्न सकियो भने, बाह्य सहायतामा निर्भरता घटाउँदै आत्मनिर्भर अर्थतन्त्रतर्फ अघि बढ्न सकिन्छ । यी सबै चुनौतीका बीच पनि हामीले आफ्ना उद्योग व्यवसाय जोगाएर राखेका छौँ । यदि राज्यले सहजीकरण र प्रोत्साहन दिने हो भने हजारौँ रोजगारी सिर्जना गर्नेछ, आयात प्रतिस्थापनमा मद्दत पुऱ्याउनेछ र अर्थतन्त्रलाई गतिशील बनाउनेछ ।

देशको आर्थिक रूपान्तरणमा निर्णायक भूमिका खेल्न सक्ने साना तथा मझौला उद्योग व्यवसायीले आफूहरूलाई लक्षित स्पष्ट र सहयोगी नीतिको अभाव रहेको बताउँदै आएका छन् । अर्थतन्त्र सुस्त बन्दै गएको र आयात-निर्यात असन्तुलन बढ्दै गएको वर्तमान अवस्थामा, उनीहरूले राज्यलाई आफ्नो प्राथमिकतामा राखेर व्यावहारिक सुधार ल्याउन आग्रह गरेका छन् । विशेष गरी कृषि प्रशोधन, दुग्धजन्य उत्पादन, कपडा तथा तयारी पोशाक, निर्माण सामग्री र जडीबुटी प्रशोधनजस्ता क्षेत्रमा नेपालले सहजै आयात प्रतिस्थापन गर्न सक्छ । यी क्षेत्रमा साना तथा मझौला उद्योगलाई लक्षित नीति ल्याइएमा छोटो समयमै उल्लेखनीय उपलब्धि हासिल गर्न सकिन्छ ।

विभिन्न समयमा राजनीतिक परिवर्तनपछि नेपालले शासन प्रणालीमा धेरै रूपान्तरण देखे पनि आर्थिक क्षेत्रमा अपेक्षित सुधार हुन सकेको छैन । विशेष गरी मध्यमवर्गीय तथा साना व्यवसायीले दशकौंदेखि निरन्तर संघर्ष गरे पनि नीतिगत पहुँच र सहुलियतमा पछाडि परेका छन् । स्वदेश फर्किएका युवाहरूले पनि आफ्नै देशमा उद्योग स्थापना गर्न खोज्दा वित्तीय पहुँच, उच्च ब्याजदर, जटिल प्रक्रिया र बजार असुरक्षा जस्ता चुनौती भोग्नुपरेको छ । साना व्यवसायीलाई राज्यले उचित प्रोत्साहन र सहजीकरण उपलब्ध गराउने हो भने आगामी पाँचदेखि ६ वर्षभित्रै साना उद्योग ठूला उत्पादन केन्द्रमा रूपान्तरण हुन सक्नेछन् । यसले हजारौँ रोजगारी सिर्जना गर्नुका साथै आयात प्रतिस्थापनमार्फत व्यापार घाटा न्यूनीकरणमा योगदान पुऱ्याउने निश्चित छ ।

हाल नेपालमा आयात अत्यधिक बढ्दा व्यापार घाटा उच्च स्तरमा पुगेको छ । यस्तो अवस्थामा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने नीति अपरिहार्य रहेको छ । उनीहरुलाई कृषि क्षेत्रमा जस्तै उत्पादनमुखी उद्योगलाई पनि सहुलियत ऋण, कर छुट र पूर्वाधार सहयोग आवश्यक रहेको छ । त्यसै गरी, राष्ट्र बैंकको नीति लचकदार बनाउने, औद्योगिक क्षेत्रमा साना व्यवसायीको पहुँच सुनिश्चित गर्ने, विशेष आर्थिक क्षेत्रहरूलाई आयात प्रतिस्थापनमा केन्द्रित गर्ने र ऊर्जा लागत घटाउनेजस्ता कदमहरू तत्काल आवश्यक छ ।

साँच्ची नै देशमा उद्योग स्थापना गर्ने हो भने बैंक तथा वित्तीय संस्थामा पहुँच सहज बनाउन धितोभन्दा परियोजनाको सम्भावनालाई आधार बनाउने व्यवस्था लागू गर्नुपर्छ । उनीहरूले राज्यलाई सहयात्रीका रूपमा स्वीकार गर्दै नीतिगत सुधारमार्फत विश्वास निर्माण गर्न आग्रह गरेका छन् । उचित वातावरण सिर्जना गर्न सकेमा साना तथा मझौला उद्योगले नै देशको आर्थिक मुहार परिवर्तन गर्न सक्ने देखिन्छ । हालको तथ्यांकअनुसार देशको कुल व्यापार घाटा अर्बौं रुपियाँमा पुगेको छ, जहाँ आयात निर्यातको तुलनामा धेरै गुणा बढी छ । यस्तो अवस्थामा आयात प्रतिस्थापन गर्ने उद्योगको विकास अपरिहार्य छ । हामीले तत्काल विश्वबजारमा प्रतिस्पर्धा गर्न नसके पनि आन्तरिक उत्पादनलाई मजबुत बनाएर विदेशी वस्तुको निर्भरता घटाउन सक्छौं ।

राष्ट्र बैंकका नीतिहरू साना तथा मझौला उद्योगमैत्री बनाउन आवश्यक छ । चालू पूँजीसम्बन्धी नियम लचकदार बनाई व्यवसायको वास्तविक चक्रअनुसार परिमार्जन गर्नुपर्छ । कृषि क्षेत्रमा जस्तै उत्पादनमुखी उद्योगलाई पनि सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्छ । यसले उत्पादन लागत घटाउन र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्दत गर्नेछ । औद्योगिक क्षेत्रमा साना व्यवसायीको पहुँच सुनिश्चित गरिनुपर्छ । हाल यी क्षेत्रमा ठूला लगानीकर्ताको मात्र वर्चश्व देखिन्छ । विशेष आर्थिक क्षेत्रमा निर्यातमुखी मात्र नभई आयात प्रतिस्थापन गर्ने उद्योगलाई पनि प्राथमिकता दिनुपर्छ । ऊर्जा लागत घटाउन उद्योगलाई केही समयका लागि सहुलियत दरमा विद्युत् उपलब्ध गराउनु अत्यन्त आवश्यक छ । नेपालमा उत्पादन भएको जलविद्युत्को उपयोग बढाउन पनि यो कदम प्रभावकारी हुनेछ । केही आयातीत वस्तुहरूमा भन्सार तथा अन्त:शुल्क वृद्धि गरी स्वदेशी उत्पादनलाई संरक्षण दिन सकिन्छ ।

तर यस्तो नीति दीर्घकालीन प्रतिस्पर्धात्मक क्षमतासँग जोडिएको हुनुपर्छ । बैंक तथा वित्तीय संस्थामा पहुँच सहज बनाउनुपर्छ । क्रेडिट (उधारो) व्यवस्थापनका लागि स्पष्ट नीति आवश्यक छ । ठूला व्यवसायीले साना उद्यमीलाई समयमै भुक्तानी नगर्दा उनको नगद प्रवाह प्रभावित हुन्छ । तोकिएको समयभित्र भुक्तानी नगरेमा कडा कानुनी व्यवस्था लागू गरिनुपर्छ । यसका लागि सरकारले साना तथा मझौला उद्योग विकासका लागि स्पष्ट पाँच वर्षीय कार्ययोजना ल्याउनुपर्छ, जसअन्तर्गत सहुलियत कर्जा कोष स्थापना, एकद्वार सेवा केन्द्रको प्रभावकारी कार्यान्वयन र युवा उद्यमीलाई लक्षित विशेष प्रोत्साहन कार्यक्रम समावेश गरिनुपर्छ । नयाँ सरकारले २५ करोड रुपियाँसम्मका उद्योग व्यवसायको एकद्वार प्रणालीमार्फत नि:शुल्क दर्ता गर्ने निर्णयले सकारात्मक सन्देश दिएको छ । तर यो शुरुआत मात्र हो । अब निरन्तरता, कार्यान्वयन र विश्वास आवश्यक छ ।

यदि राज्यले साना तथा मझौला उद्योग व्यवसायीलाई सहयात्रीका रूपमा स्वीकार्छ भने, देशको आर्थिक रूपान्तरण सम्भव छ । उनीहरुसँग अनुभव छ, क्षमता छ र देशमै केही गर्ने दृढ इच्छाशक्ति छ । अब राज्यले हात समाउने पालो हो । नेपालको आर्थिक मुहार फेर्न ठूलो लगानी मात्र होइन, सही नीति, समावेशी दृष्टिकोण र उत्पादक वर्गप्रतिको विश्वास आवश्यक छ । यही विश्वास निर्माण गर्न सकियो भने, समृद्ध नेपालको सपना टाढा रहनेछैन । साथै, डिजिटल प्रविधिको प्रयोग विस्तार गर्दै साना उद्योगलाई ई-व्यापार प्लेटफर्म, डिजिटल भुक्तानी प्रणाली र अन्तर्राष्ट्रिय अनलाइन बजारमा पहुँच दिने नीति पनि उत्तिकै आवश्यक छ । यसले साना व्यवसायलाई सीमित बजारबाट बाहिर ल्याएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन सहयोग पुऱ्याउनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# माओवादी आन्दोलन : नायकी इतिहास, बाटो बिराएको वर्तमान

टी.एन. आचार्य

२०४७ सालको संसदीय चुनावमा ९ सिट प्राप्त गरी तेस्रो भएको तत्कालीन जनमोर्चा नेपाल २०५१ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभा विघटन गरेपछि भएको मध्यावधि निर्वाचनमा सहभागी नै भएन । बरु, जनमोर्चा नेपालका नेताहरूले आफ्नो पार्टी पुनर्गठन गरे र नेकपा माओवादीको नामबाट २०५२ बाट सशस्त्र संघर्ष शुरु गरे । दश वर्ष चलेको सशस्त्र संघर्ष २०६२ मा तत्कालीन सात राजनीतिक दलसँग १२ बुँदे सहमति भएसँगै नयाँ दिशामा अघि बढ्यो । सोही वर्षको चैत २४ देखि २०६३ को वैशाख ११ सम्म भएको १९ दिने जनआन्दोलनले तत्कालीन राजा ज्ञानेन्द्र शाहलाई घुँडा टेकाएपछि माओवादी हतियार बिसाउन तयार भयो ।

२०६३ मंसिर ५ गते कोइराला नेतृत्वकै तत्कालीन सरकार र नेकपा माओवादी बीच ऐतिहासिक विस्तृत शान्तिसम्झौता सम्पन्न भयो भने २०६४ चैतमा भएको संविधानसभा निर्वाचनबाट सबैभन्दा ठूलो राजनीतिक पार्टीका रूपमा माओवादी उदायो । यी सबै उपलब्धि हासिल हुँदा पार्टीका अध्यक्ष थिए, पुष्पकमल दाहाल प्रचण्ड । गणतान्त्रिक नेपालको पहिलो प्रधानमन्त्री बन्ने सौभाग्य उनले पाए । तर, उनको सरकार लामो समय टिकेन । तत्कालीन सेनापति रुक्माङ्गद कटवाललाई बर्खास्त गर्ने सरकारको निर्णय असंवैधानिक रूपमा राष्ट्रपतिले उल्टाइदिएपछि प्रचण्ड नैतिकताको आधारमा राजीनामा दिँदै सडकमा आए । यतिबेलासम्म पनि उनको ओज कायम थियो । आफूपछि प्रधानमन्त्री बनेका माधवकुमार नेपाल नेतृत्वको सरकार ढलाउन राजधानीमा आफ्ना हजारौं कार्यकर्ता उतारेर एक सातासम्म काठमाडौं ठप्प पार्दा पनि उनको केही जोर चलेन । हार खाँदै प्रचण्डले लडाकुजस्ता आफ्ना कार्यकर्ता रिट्रिट गराए । तर, संसदीय राजनीतिको दलदलबाट उनी बाहिर निस्कन सकेनन् वा चाहेनन् ।

दुई वर्षका लागि निर्वाचित संविधान सभाले चार वर्षमा पनि संविधान बनाउन नसकेपछि स्वत: विघटन भयो । त्यसपछि २०७० मंसिरमा भएको संविधानसभाको दोस्रो निर्वाचनमा माओवादी तेस्रो तर निकै सानो आकारमा खुम्चियो । माओवादी त्यसयता बौरिन सकेको छैन । २०७३ मा नयाँ संविधान जारी भएपछि २०७४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा पनि माओवादी तेस्रो दल बन्यो । वाम गठबन्धनको नाममा नेकपा एमालेसँग देशैभर सिट तालमेल गरेर चुनावमा होमिंदा पनि माओवादी तेस्रो दल बन्यो । २७५ स्थानका लागि भएको निर्वाचनमा माओवादीले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ गरी ५३ सिट मात्र जित्यो । जबकि, एमाले ८० प्रत्यक्ष र ४१ समानुपातिक गरी १२१ सिट जित्दै पहिलो पार्टी बन्यो ।

झन्डै दुईतिहाइको नजिक रहेको वाम गठबन्धनलाई एमाले र माओवादीले पार्टी एकतामा रूपान्तरण गरे । केपी ओली प्रधानमन्त्रीसँगै नेकपाको अध्यक्ष थिए । उनीसँगै प्रचण्ड पनि पार्टीमा सहअध्यक्ष रहे । तर, त्यो एकता लामो समय टिकेन । पुन: दुवै दल आआफ्नै ठाउँमा फर्किए । त्यसपछि कांग्रेससँग मिलेर प्रचण्ड पुन: केही समय प्रधानमन्त्री बने । संविधान कार्यान्वयनको चरणमा उनकै नेतृत्वमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो ।

तर, उनलाई जनताले रुचाइरहेका थिएनन् । त्यसको पुष्टि २०७९ को निर्वाचनमा देखियो । यसपटक थप खस्किँदै माओवादीले प्रत्यक्षतर्फ १८ र समानुपातिक १४ गरी ३२ सिट मात्र जित्यो । यो ३२ सिटलाई प्रचण्डले जादुगरी संख्याको उपनाम दिइरहे । तेस्रो दल भए पनि कहिले एमालेसँग, कहिले कांग्रेससँग मिलेर सरकारको नेतृत्व गरिरहे । तर, १७ असार २०८१ मा कांग्रेस-एमालेले सरकार बनाउने, आलोपालो नेतृत्व गर्ने गरी सातबुँदे सहमति गरेपछि प्रचण्डको जादुयी संख्या प्रतिपक्षमा थन्किन पुग्यो । माओवादीको यो ओरालो यात्रा यसपटक पनि रोकिएन । गत २३ र २४ भदौको जेनजी आन्दोलनको पृष्ठभूमिमा गत २१ फागुनमा भएको निर्वाचनमा माओवादी संसद्को चौथो दलमा रूपान्तरण भयो ।

२०७९ मा पार्टी खोलेर त्यसै वर्ष भएको निर्वाचनमा सहभागी भई चौथो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टीले साढे तीन वर्षभित्रै १८२ सिटसहित दुईतिहाइ नजिकको जित हासिल गऱ्यो । माओवादी भने प्रत्यक्षमा ८ र समानुपातिक ९ गरी १७ सिटमा सीमित भयो । २०४७ मा ९ सिटबाट संसदीय यात्रा शुरु गरेको माओवादी २०८२ मा प्रत्यक्षतर्फ त्योभन्दा कम ८ सिट मात्र जित्ने अवस्थामा आइपुगेको छ । राजतन्त्रको अन्त्य गर्दै क्रान्तिकारी 'नायक' को महारथ हासिल गरेको माओवादी शीर्षस्थ नेतृत्व अब इतिहासमा मात्र सीमित हुने हो कि भन्ने आशंका उत्पन्न भएको छ । प्रचण्ड नेतृत्वको नायकत्वको आरोहपूर्ण विगतदेखि आजसम्मको अवरोहको बिसौनी कहाँ होला भन्ने चासोको मन्थन गर्नु जरूरी छ ।

### नायकको रूपमा प्रचण्ड

'प्रचण्ड' एक समय गणतान्त्रिक आन्दोलनको मात्र होइन, विचारको प्रतीकका रूपमा थिए । सशस्त्र संघर्षदेखि शान्ति प्रक्रियासम्मको यात्रामा उनी र माओवादी पार्टीको भूमिका इतिहासमा छोड्न र मोड्न नसकिने रूपमा अंकित छ । साठीको दशक वरिपरि प्रचण्ड व्यक्ति होइन, विचार हो भन्ने राजनीतिक भाष्य निर्माण भएसँगै प्रचण्डपथको अभ्यास समेत भयो । माओवादी आन्दोलनले नेपाली राज्य संरचनालाई हल्लायो, असमानता विरुद्ध विद्रोहको झण्डा उठायो र अन्तत: राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रको मार्ग खोल्यो । इतिहासका केही कालखण्ड यस्ता हुन्छन् जहाँ एउटा आन्दोलनले केवल सरकार परिवर्तन मात्र गर्दैन, बरु राज्यको आत्मा नै परिवर्तन गर्छ । राज्यको आत्मा नै परिवर्तन गर्ने प्रचण्ड इतिहासको एउटा कालखण्डका नायक हुन् भन्दा फरक पर्दैन ।

तर इतिहासको अर्को सत्य पनि छ । संघर्ष जित्नु एउटा कुरा हो र त्यस संघर्षलाई स्थायी संस्थागत संरचनामा रूपान्तरण गर्नु अर्को कुरा हो । प्रचण्डको हकमा यही लागू हुँदैछ । संघर्षले परिवर्तनको ढोका त खोल्छ, तर शक्तिशाली र नियमबद्ध संस्थाले मात्रै त्यो परिवर्तनलाई स्थायित्व दिन सक्छ । २०७२ सालमा संविधान जारी भएसँगै परिस्थितिहरू फेरिए । सत्ता-समीकरण, गठबन्धन राजनीति, पार्टी एकता र विभाजनका घटनाहरूले माओवादी पार्टीको संगठनात्मक स्थिरता कमजोर बनायो । पार्टीभित्र नेतृत्व लामो समय सीमित व्यक्तिमा केन्द्रित रहँदा संस्था होइन, व्यक्ति प्रमुख भन्ने धारणा प्रबल हुँदैआयो ।

पूँजीवादी, समाजवादी वा अन्य जुनसुकै क्रान्तिकालमा नेतृत्वको नायकत्व स्थापित हुनु जरूरी हुन्छ । तर समाजमा सधैं नायक आवश्यक हुँदैनन् । 'अभागी त्यो समाज हो जसलाई नायकहरूको आवश्यकता छ ।' यो उद्धरण १९३९ मा बर्टोल्त ब्रेख्तद्वारा लेखिएको 'लाइफ अफ ग्यालिलियो' नाटकबाट आएको हो । ब्रेख्तको यो भनाइको अर्थ एक कार्यात्मक, स्वस्थ र न्यायपूर्ण समाजलाई यसको समस्याहरू समाधान गर्न नायकहरू आवश्यक पर्दैन । नायकहरूमा निर्भर ताले त्यो समाजभित्रको त्रुटिपूर्ण, समस्याग्रस्त वा प्रणालीगत असफलतालाई संकेत गर्दछ । यस अर्थमा संविधान निर्माणपश्चात् पनि प्रचण्डमा नायकत्व खोज्नु हाम्रो समाजको प्रणालीगत समस्या पनि हो । प्रचण्ड लगायत शीर्षस्थ माओवादी नेतृत्वले नायकत्वको आत्मगौरव छोड्न किन सकेनन् वा चाहेनन् भन्ने कुरा संगठनात्मक मात्र नभएर मनोवैज्ञानिक विषय पनि हो । अन्ततोगत्वा यो सैद्धान्तिक विषय हो ।

### लोकतान्त्रिक बाटो नहिँडेको माओवादी

नेतृत्वमा रहेको कुनै व्यक्तिको लोकतान्त्रिक मूल्यको मानक भनेको उसले आफू संलग्न आफ्नो घर, संस्था वा पार्टीलाई प्रणालीमा ढालेर संस्थागत बनाउँछ कि व्यक्तिकेन्द्रित बनाउँछ भन्ने कुराले छुट्याउँछ । लोकतान्त्रिक व्यक्तिले आफूले नेतृत्व गरेको संस्थालाई संस्थागत गर्छ । शान्ति स्थापनापश्चात् पनि माओवादी पार्टीभित्र विभाग र आयोगहरू प्रभावकारी बनाउने, केन्द्रीय कार्यालय व्यवस्थित र कामकाजी बनाउने, शीर्ष नेतृत्वको जीवनशैली पारदर्शी बनाउने काम भएन । नेतृत्वले लिने उपहार सम्बन्धी निर्देशिका तयार गर्ने, शीर्षस्थ नेतृत्वको सचिवालय टिमको योग्यता र आचारसंहिता तय गर्ने, नियमावली-विनियमावली लागू गर्नेतर्फ ध्यान दिइएन ।

संगठन व्यवस्थित गर्ने, आवधिक निर्वाचन र संस्थागत नियन्त्रण सुनिश्चित गर्न तलदेखि आन्तरिक लोकतन्त्र मजबुत गर्ने र सामूहिक चिन्तन प्रणाली विकास गर्ने जस्ता संस्थागत सुधार भएनन् । अर्कोतर्फ, नेपालका ८० प्रतिशत गाउँ माओवादीमय भई वर्ग संघर्षबाट उदाएका नेताहरू बृहत् शान्ति सम्झौतापश्चात् शहरकेन्द्रित भए । उनीहरूको कार्यशैली र जीवनशैलीलाई न त शहरले राम्रो भन्यो न गाउँले सम्झियो । सिद्धान्त र व्यवहारको फरकमा धेरैजसो नेताले अपारदर्शी जीवनशैलीको आरोप खेप्नु परिरहेको छ । सरसर्ती हेर्दा माओवादी नेतृत्व गणतन्त्रवादी हो, क्रान्तिकारी हो र परिवर्तनकामी हो तर लोकतान्त्रिक मानकमा निकै पछि परेको कुरा तथ्य हो, सत्य हो । लोकतान्त्रिक पद्धति र विधि स्थापना गर्न माओवादी शीर्ष नेतृत्वले ध्यानै नदिनुको पछाडि केही मुख्य दुई वटा कारण छन् । पहिलो क्रान्तिकारी संस्कारको प्रभाव र दोस्रो शक्ति नियन्त्रण गुम्ने डर ।

### १. क्रान्तिकारी संस्कारको प्रभाव

माओवादी आन्दोलन १० वर्ष लामो सशस्त्र संघर्षबाट आएको हो । युद्धमा कमाण्ड संरचना बलियो थियो । यस्तो संरचना पार्टीभित्र युद्धको तयारी र पछाडि गरी झण्डै १५ वर्षसम्म भन्दा बढी अभ्यास भयो । तर शान्तिप्रक्रियापछि त्यही संरचनाले चुनौती थप्यो भन्दा फरक पर्दैन । सशस्त्र संघर्षबाट आएको पार्टीमा संगठनात्मक लोकतन्त्र स्थापना हुन लामो समय लाग्नु स्वाभाविक त हो तर शान्तिप्रक्रियाको झण्डै दुई दशकसम्म संगठनात्मक लोकतन्त्रको न्यूनतम अभ्यास पनि नहुनु शायद माओवादी शीर्ष नेतृत्वको अवचेतन मनस्थितिमा शक्ति विकेन्द्रित हुने र व्यक्ति केन्द्रमा नपर्ने स्वाभाविक भय हुनसक्छ । अर्कोतर्फ, उमेरलाई नै ज्ञान र क्षमताको पर्याय मान्ने ज्येष्ठतन्त्र अर्थात् जेरोन्टोक्रेसी, युद्धमा लडेको अग्रदस्ता समूहले नै राज्य वा समाजको नेतृत्व गर्नुपर्छ भन्ने क्रान्तिकारी अग्रदस्ता सिद्धान्त (रिभोलुसनरी भानगार्डिज्म) हावी भएकोले पनि संस्थागत विकास नभएको पनि हो । युद्धबाट प्रशिक्षित नेतृत्व पुस्ताको मनोविज्ञान लोकतान्त्रिक संस्कार र कार्यशैलीप्रति विश्वासपूर्ण छैन ।

क्रमश: पृष्ठ-३.....

# कहाँ हराए त्रिवि क्रिकेट मैदान पुग्ने दर्शक ?

काठमाडौं/'अमेरिका खेल्न गयौं, भारत खेल्न गयौं । त्यहाँ पनि नेपाली दर्शक थिए । तर, नेपालमा छैनन् । त्यो चाहिँ एकदमै दुख लाग्दो कुरा हो,' यो शुक्रबार युएईसँगको खेलपछि नेपालका उपकप्तान दीपेन्द्रसिंह ऐरीले गरेको गुनासो हो ।

त्रिवि क्रिकेट मैदानमा हाल आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नेपाल, यूएई र ओमानबीचको सिरिज चलिरहेको छ । तर, सोचेअनुसार दर्शक नआएपछि दीपेन्द्रले यस्तो गुनासो गरेका हुन् । शुक्रबार सार्वजनिक बिदा पनि थियो । नेपालकै खेल भएकाले पनि धेरै दर्शक खेल हेर्न मैदान पुग्ने अपेक्षा धेरैको थियो । उक्त अपेक्षा नेपालका उपकप्तान ऐरीसहितका खेलाडीहरूले पनि गरेका थिए ।




तर, अपेक्षाअनुसार दर्शक मैदान पुगेनन् । नेपालको खेलको बेला चौर भरिने त्रिवि क्रिकेट मैदानमा प्यारापिट बनेपछि भएको अन्तर्राष्ट्रिय खेलमा भने अधिकांश रित्तै हुनपुगे । 'पहिला दर्शक आउनुहुन्थ्यो । अहिले टी-२० खेलमा पनि आउनुभएन, लिग-२ मा पनि आएनन् । खै के भाको हो थाहा छैन । हामी खेलाडीहरूलाई दर्शक आउनुहुन्छ भन्ने अपेक्षा थियो । दर्शक भयो भने एकदमै सपोर्ट हुन्छ', दीपेन्द्र खेलपछि थप सुनिए ।

नेपाली समर्थक नेपालको खेल विश्वकपका जुनसुकै ठाउँमा भएपनि समर्थन गर्न पुग्छन् । तर, घरेलु मैदानमा भइरहेको पछिल्ला खेलहरूमा भने दर्शकको उपस्थिति खासै हुने सकेको छैन । जसका कारण खेलाडीहरूले नै दर्शकलाई मैदानमा आउन आग्रह गर्नुपरेको छ । २०८० वैशाख १८ गते अर्थात तीन वर्षअघि शुक्रबारकै दिन चिर परिचित प्रतिद्वन्द्वी नेपाल र यूएई भिडिरहेका थिए । मैदानमा वर्षा भइरहेको थियो । उक्त खेल एसीसी प्रिमियर कप एकदिवसीय क्रिकेटको फाइनल खेल थियो ।

वर्षा हुँदा पटकपटक खेल स्थगित हुन पुग्यो । तर, नेपाललाई समर्थन गर्न आएका दर्शक डगमगाएनन् । छाता ओढेर धैर्यतापूर्वक नेपाललाई समर्थन गर्न मैदानमा बसिरहे । वर्षा भइरहे पनि खेलकै प्रतिक्षामा समर्थकले मैदान छाडेनन् । फाइनल दुई दिन हुँदा दुई दिन नै समर्थक त्रिवि मैदानमा पुगे । नेपाललाई जिताएरै मैदानबाट फर्किए । छाता ओढेर नेपाललाई समर्थन गरेको उक्त फोटोले विश्व क्रिकेटमा निकै चर्चा पायो । तर, त्यसको तीन वर्षपछि शुक्रबार भएको खेलमा भने समर्थकको उपस्थिति निकै कमजोर रह्यो ।

तीन वर्षअघि त्रिवि क्रिकेट मैदानमा ओइरिएका दर्शक, जो पानी परिरहँदा पनि मैदान छाडेका थिएनन् । कतिपय विपक्षी टोली र प्रतियोगिताका कारण पनि पर्याप्त मात्रामा दर्शक मैदानसम्म नपुगेको बताउँछन् । हाल नेपालले खेलिरहेको यूएई र ओमान पछिल्लो समयका प्रतिष्पर्धी हुन् । नेपालले अधिकांश प्रतियोगितामा उनीहरूसँग नै खेल्दै आएको छ ।

हरेक पटक एउटै विपक्षी टोलीसँगको खेलले पनि समर्थकलाई मैदानसम्म नतानेको हुनसक्ने राष्ट्रिय टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल बताउँछन् । 'लिग-२ को लिग म्याचका कारण पनि दर्शकलाई तानिनहालेको पनि हुन सक्ला,' उनी भन्छन्, 'टिकट बढी हुँदा पनि दर्शक कम भएको हुनसक्छ । मेरो विचारमा टिकट पनि महँगो भएको जस्तो लाग्छ ।' आर्थिक मन्दी, विभिन्न परीक्षाका कारण पनि मैदान पुग्ने दर्शकको संख्या कम हुनसक्ने ज्ञानेन्द्रको बुझाइ छ ।

समर्थककै सपोर्टका कारण नेपालले धेरै पटक अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)बाट अवार्ड जितिसकेको छ । राष्ट्रिय टोलीका अनुभवी खेलाडी सोमपाल कामी समर्थककै कारण यहाँसम्म पुगेको भन्दै खेल हेर्न आउन आग्रह गर्छन् । 'पहिला पनि आउनुहुन्थ्यो । जतिबेला स्टेडियम बनेको थिएन । अहिले स्टेडियम पनि बनेको छ । फ्यानहरूलाई त्यही भन्छु कि आइदिनु । जति माया गर्नुछ, गर्नु । हजुरहरूले गर्दा नै गर्दा नै यहाँसम्म पुगेको हो', उनी भन्छन् ।

नेपाली क्रिकेट समर्थक समाजका (एनसीएसएस)का अध्यक्ष अच्युत पाण्डे समर्थकको उपस्थितिलाई खेलको महत्त्वले पनि फरक पार्ने बताउँछन् । 'हाम्रो क्रिकेटमा जति चार्म छ नेपालमा । त्यो किसिमको दर्शक अहिलेको सिरिजहरूमा देखिएन,' उनी भन्छन्, 'त्यो खेलको जितले कत्तिको प्रभाव पार्छ भन्ने कुराहरूसँग पनि अलिकति दर्शकको उत्साह जोडिएको हुन्छ ।' अहिलेको सिरिजमा जितेर के प्राप्त हुन्छ ? भन्ने कुरामा समर्थकको माइन्ड त्यति फोकस हुननसकेको उनले बताए ।

मौसमले पनि समर्थकको उपस्थितिमा प्रभाव पारेको पाण्डे बताउँछन् । 'एनपीएलमा अन्तर्राष्ट्रिय खेलाडी र ठूलो प्रचारप्रसार भएकाले दर्शकहरू त्यसमा बढी केन्द्रित थिए । त्यसपछिको यो श्रृंखला अली खल्लो महसुस भएको हुनसक्छ,' उनी भन्छन् ।

**यसपटक रित्ता कुर्सीहरू**

दर्शकको संख्या कम भएकोप्रति नेपाल क्रिकेट संघ (क्यान) जानकार छ । क्यानका प्रवक्ता छुम्बी लामा दर्शकको संख्या विगतभन्दा कम नै रहेको स्वीकार गर्छन् । 'दर्शक आउनु त पर्ने हो । क्रिकेटलाई जुन हिसाबले माया गर्नुहुन्छ । अहिले पालि चाहिँ त्यस्तो देखिएको छैन,' उनी भन्छन् ।

क्रिकेटले जुन हिसाबमा फड्को मारेको छ । त्यसकारण ठूला क्रिकेटिङ देशहरूसँग खेलोस् भन्ने अपेक्षा रहेको उनी बताउँछन् । लिग-२ अघि नेपालले यूएईसँग दुई खेलको टी-२०आई सिरिज खेलेको थियो । लिग-२ को माहोल बनाउने उद्देश्यले गरिएको उक्त सिरिजमा क्यानले बाक्लो मात्रामा दर्शक उपस्थित हुने अपेक्षा गरेको थियो । जसका लागि क्यानले साँझकालिन खेल आयोजना गरेको थियो ।

यसअघिका टी-२० आई खेलहरूमा टिकट पाउन हम्मेहम्मे हुन्थ्यो । तर, यसपटकको सिरिजमा भने उल्लेखनीय रुपमा समर्थक मैदानमा पुगेनन् । कतिपयले टिकट शुल्कसमेत बढी भएका कारण दर्शकको संख्यामा कमी आएको बताउँछन् । यूएईसँगको टी-२० आई सिरिजका लागि ७५० रुपैयाँ कायम गरिएको थियो । लिग-२ का खेलका लागि ४०० तोकिएको छ । टिकट काटेर मैदान पुग्नेको संख्या न्यून छ ।

दर्शक थोरै आएको भन्नेबारेमा क्यानमा समीक्षा हुने प्रवक्ता लामा बताउँछन् । उनी भन्छन्, 'विगतमा ५०० रुपैयाँ तिरेर हेरिराखेकै हो । अहिले व्यवस्थित ढंगले अन्तर्राष्ट्रिय मैदान छ । टिकट बढी भएन त भन्दैनौं । यसबाट नेपाली दर्शकले कति तिर्न सक्नुहुन्छ भन्ने सिकाई पनि भयो । त्यसलाई क्यानले छलफलको माध्यमबाट अगाडि बढाउछ ।'

*(स्रोत: अनलाइनखबर)*

# घनश्यामको निर्देशनमा 'तिमी मेरो म तिम्रो' बन्ने, को-को छन् कलाकार ?




काठमाडौं/'धौली', 'लण्डन टू पेरिस', 'पन्चेबाजा' जस्ता फिल्मका निर्देशक घनश्याम लामिछानेले 'तिमी मेरो म तिम्रो' शीर्षकमा नयाँ फिल्म बनाउने भएका छन् । शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच यो फिल्मको औपचारिक रूपमा निर्माण घोषणा गरियो । सो अवसरमा फिल्मका मुख्य कलाकारहरू पनि चिनाइएको थियो ।

'चित्रा'का निर्माता सन्तोष अधिकारीले निर्माण गर्ने यस फिल्ममा भुवन केसी, अर्जुनजंग शाही, जितु नेपाल, सन्तोष अधिकारी, रियान गिरी लगायतका कलाकारहरूको अभिनय रहनेछ । यो फिल्मबाट प्रतिमा थापाले अभिनेत्रीको रूपमा डेब्यू गर्दैछिन् । मोडलिङ पृष्ठभूमिकी उनले यसअघि 'चित्रा'मा 'हेड अफ प्रोडक्सन'को रूपमा काम गरेकी थिइन् ।

आस्प इन्टरटेनमेन्ट अस्ट्रेलियाको प्रस्तुतिमा बन्ने यस फिल्मका सह-निर्मातामा राज श्रेष्ठ र आशिष थापा मगर रहेका छन् भने तेजविक्रम केसी लाइन प्रोडुसरको रूपमा छन् । फिल्ममा नरेन्द्र मैनालीको छायांकन, मनिष गौतमको लेखन तथा युग भुसालको संगीत रहनेछ । आगामी जेठ दोस्रो साताबाट फिल्मको छायांकन सुरु हुने जनाइएको छ ।

फिल्मको घोषणा कार्यक्रममा भुवन केसीले आफूलाई कथावस्तुदेखि शीर्षकसम्म मन परेको बताए । उनले भने, 'सुरुमा त मलाई फिल्मको शीर्षक नै एकदमै 'क्याची' लाग्यो । कथावस्तु पनि युवापुस्ताका दर्शकलाई मनपर्ने खालको छ । त्रिकोणात्मक प्रेमकथा सुन्दर ढंगले लेखिएको छ । मलाई निर्माता सहितको टिम र भूमिका पनि राम्रो लागेपछि फिल्ममा जोडिएको हुँ ।'

# असोज ३० मा अनमोल र पलको फिल्म भिड्ने



काठमाडौं/नेपालमा फिल्म रिलिजका लागि सबैभन्दा उपयुक्त समय दशैंलाई मानिन्छ । लामो विदा र दर्शक 'फेस्टिभ मुड'मा हुने भएकाले दशैंमा राम्रो व्यापार हुने विश्वास निर्माताहरूमा छ । यसैले वर्षेनि दशैंमा फिल्म रिलिज गर्न ठूलै रस्साकस्सी हुने गरेको छ । केही वर्षयता दशैंको अवसरमा दुईभन्दा बढी फिल्म रिलिज हुँदै आएका छन् । यस वर्ष पनि त्यही अवस्था दोहोरिने देखिएको छ ।

अहिलेसम्म यसपालिको दशैंमा '१२ गाउँ २', 'छ माया छपक्कै २', 'बाटुलो जून', 'आ बाट आमा २' र 'महाराजधिराज' गरी पाँच फिल्म प्रदर्शनमा आउने तयारीमा छ । यसमध्ये 'बाटुलो जून' असोज ३० गते प्रदर्शन हुँदैछ । अर्थात् फूलपातीको अघिल्लो दिन । यो फिल्मको केही साताअघि पोस्टर सार्वजनिक गर्दै ३० असोजलाई प्रदर्शन मिति तय गरिएको थियो ।

अब सोही मितिमा 'आ बाट आमा २' पनि प्रदर्शन हुने भएको छ । शुक्रबार यस फिल्मका निर्माता तथा निर्देशक चन्द्र पन्तले भक्तपुरको नगरकोटमा स्क्रिप्टमाथि छलफल भइरहेका केही तस्वीर फेसबुकमा पोस्ट गर्दै उक्त मितिमा फिल्म प्रदर्शन हुने घोषणा गरेका हुन् । यसअघि दशैंमा फिल्म आउने जानकारी गराइए पनि प्रदर्शन मिति खुलाइएको थिएन ।

'आ बाट आमा २' असोज ३० गते प्रदर्शनमा आउने तय भएसँगै अब बक्स अफिसमा दुई सुपरस्टार अनमोल केसी र पल शाहबीच भिडन्त हुने भएको छ । 'बाटुलो जून'मा अनमोलको मुख्य भूमिका रहेको छ भने छायांकनको तयारीमा रहेको 'आ बाट आमा २'मा पल देखिँदैछन् । यो भिडन्त दुई फिल्म बीचको नभइ अनमोल र पलको स्टारडमबीच हुने विश्लेषण गरिएको छ ।

अनमोल र पलको फिल्म पहिलो पटक बक्स अफिसमा 'क्ल्यास' हुन लागेका भने होइनन् । यसअघि उनीहरूका दुई फिल्म 'फर्की फर्की' र 'पूजार सार्की' २०८१ सालमा एकसाथ प्रदर्शनमा आएका थिए । त्यसबेला व्यावसायिक रूपमा 'पूजार सार्की'ले बाजी मारेको थियो । अब दोस्रो पटकको भिडन्तमा कसको पल्ला भारी हुन्छ, त्यसका लागि भने असोज ३० गतेसम्म पर्खिनै पर्ने हुन्छ ।

# माओवादी आन्दोलन: नायकी इतिहास...

सम्बन्धित क्षेत्रको विकास र अनुभवमा कुनै लेनदेन र साइनो नभेटिने व्यक्तिहरू आयोग, विभाग र जबसको प्रमुख हुनुको मुख्य कारण कमाण्ड संरचनाको नाममा ज्येष्ठतन्त्र तथा क्रान्तिकारी अग्रदस्ता सिद्धान्त मात्र हो । क्रान्तिकारी पार्टी भित्र मौलाएको ज्येष्ठतन्त्र र रिभोलुसनरी भानगार्डिज्म संसदीय अभ्यासको क्रममा प्रतिक्रान्तिका साधन बनेको कुरा नेतृत्वले समयमै पत्तो पाएन ।

**२. शक्ति नियन्त्रण गुम्ने डर**

कुनै आन्दोलन वा पार्टी लामो समयसम्म सीमित व्यक्तिहरूको घेराभित्र भयो भने संगठन स्वत: व्यक्तिकेन्द्रित हुन्छ । संस्थागत संरचना बलियो भएमा निर्णय प्रक्रिया नेतृत्वबाट संस्थातिर सर्ने सम्भावना हुन्छ । यदि पार्टीमा लोकतान्त्रिक विधि अपनाइएमा वा संस्थागत सबलीकरणको बाटो समातेमा नेतृत्वमाथि संस्थागत नियन्त्रण बढ्छ । माओवादी शीर्ष नेतृत्वको अवचेतन मनस्थितिमा यस्ता संरचनालाई आफ्नो शक्ति सीमित गर्ने उपकरणका रूपमा हेरेको स्वयंसिद्ध हुन्छ ।

अर्कोतर्फ पार्टीभित्र निरन्तर रुपमा विभिन्न गुट वा नेताहरू प्रभावमा रहेका छन् । गुट परिचालन पनि संस्थागत विधि र प्रक्रियामा भएमा यो दुईलाइन संघर्षको विषय हुन्थ्यो । बहसहरू औपचारिक र निश्चित हुन्थ्यो । अन्तरपार्टी लोकतन्त्रको अभावमा गुटहरू अस्तित्वमा रहुन्जेल शीर्षस्थ नेतृत्वको अवचेतन मनस्थितिमा आफ्नो प्रतिस्पर्धामा अर्को नेता आउँछ कि भन्ने डर हुनु स्वाभाविक हो । इतिहासमा वैद्य, बाबुराम, बादल, माधव नेपाल, बामदेव गौतमदेखि विप्लवसम्मका फुटलाई नेताहरूले संस्थागत नभएर व्यक्तिगत चुनौतीको रूपमा लिएका हुन् ।

**लचकताको अन्तर्य**

धेरै विश्लेषकले माओवादी शीर्षस्थ नेतृत्वको राजनीतिक शैली लचक र परिस्थिति अनुसारको गतिशील भनेर व्याख्या गरे । यो लचकताको अन्तर्यमा गतिशीलता एकदम कम र वैचारिक र संस्थागत अंकुशको कमी चाहिं अत्यधिक हो । कुनै बहस विना तत्कालीन छोटा कारण देखाएर गठबन्धन परिवर्तन, रणनीतिक सहकार्य वा तत्कालीन निर्णयहरू लिन यस्तो शैली उपयोगी भयो । माओवादी नेतृत्वको यो लचकताको प्रवृत्ति पार्टी बाहिर बढी लोकप्रिय भयो । पार्टी संस्थागत भएमा माओवादी शीर्षस्थ नेतृत्वसँगको सजिलो पहुँच गुम्ने र नेतृत्वको शक्तिको सीमा निर्धारण हुने भएकोले अन्य पार्टीले यस्तो लचकता मन पराएका हुन् । तर आफ्नै पार्टीभित्र यस कार्यशैलीको खासै प्रशंसा हुँदैन । कम्युनिष्ट जनले रूख र अन्य चिह्नमा भोट हालेको वा बारम्बार गठबन्धन परिवर्तन गरेको कुरालाई कार्यकर्ताले तितो सत्यको रूपमा मात्र लिएका छन् ।

**पार्टी लोकतन्त्रीकरणको साइत जुरेन**

माओवादी पार्टी २०६४ सालदेखि प्राय: चुनाव, सरकार गठन, आन्दोलन, गठबन्धन व्यवस्थापन जस्ता तत्कालीन कामका मात्र व्यस्त भइरह्यो । आन्तरिक व्यवस्थापन, लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने र संगठनात्मक सुदृढीकरण जस्ता कार्यलाई प्राथमिकता दिइएन । पार्टीमा लोकतान्त्रिक प्रणाली स्थापना गर्नको लागि राजनीतिमा सरलरेखाको अवस्था खोज्नु भनेको व्यक्तिकेन्द्रित सोच हो । यो सोच नेतृत्वको संस्कार वा प्रवृत्तिमा बदलिएपछि राजनीतिमा सरलरेखा आएपछि पनि पार्टीलाई लोकतान्त्रिक बनाउने वा संस्थागत गर्ने साइत जुर्दैन ।

आजसम्म तत्कालीन माओवादी र हाल नेकपाभित्र लोकतन्त्र स्थापनार्थ प्रयास भएन । भित्र अन्तर्यमा आफ्नो भूमिका विना पार्टीभित्र पात पनि हल्लिन नदिने केन्द्रीकृत सोच, नियन्त्रण गुम्ने डर र युद्ध संस्कारको कारणले हो पार्टीलाई लोकतन्त्रीकरणको बाटोमा नहिंडाइएको । बाहिर चाहिं सहज अवस्था आउँछ भन्ने साइत हेर्दैहेर्दै गइयो । यसरी साइत हेर्दाहेर्दै २०८२ फागुन २१ गते चुनाव भयो र चुनावको नतिजाले पार्टी जम्माजम्मी १७ सिटमा खुम्चन पुग्यो ।

**सम्भावित परिदृश्य:**

अब माओवादी वा नेकपाका सम्भावित परिदृश्यहरू के-के हुन सक्छन् ?

**पहिलो परिदृश्य: संस्थागत रूपान्तरण**

पार्टीभित्र प्रभावकारी विभाग र आयोगहरू, स्पष्ट नियमावली, पारदर्शी सदस्यता प्रणाली, संस्थागत निर्णय प्रक्रिया अपनाई र आन्तरिक लोकतन्त्रलाई प्राथमिकता दिएमा अध्यक्ष प्रचण्डको छवि पुन: संस्थागत नेताका रूपमा बलियो हुन सक्छ । लोकतान्त्रिक अभ्यासले नेता-कार्यकर्तामा कार्य विन्यास गर्छ, व्यस्त बनाउँछ, जनसम्बन्ध वृद्धि गर्छ । यसले पार्टीलाई दीर्घकालीन रूपमा स्थायित्व दिन्छ र नयाँ पुस्तालाई आकर्षित गर्छ । यस्तो परिवर्तन सम्भव छ । विश्व इतिहासमा अनुभवी नेताहरू प्राय: आफ्नो राजनीतिक विरासत सुरक्षित गर्न अन्तिम चरणमा संस्थागत सुधारतर्फ उन्मुख हुन्छन् ।

**दोस्रो परिदृश्य: मिश्रित रूपान्तरण**

आफ्नो प्रवृत्ति र बाह्य दबाबलाई सन्तुलन गर्न नेकपाका शीर्ष नेतृत्वले आंशिक सुधार गरे पनि वास्तविक शक्ति आफू वा आफ्नो टिम केन्द्रित नै राख्ने सम्भावना पनि उत्तिकै छ । यस अवस्थामा बाह्य रूपमा संस्थागत सुधार देखिए पनि व्यवहारमा ठूलो परिवर्तन नआउन सक्छ । यस स्थितिमा प्रचण्ड नेतृत्वको पार्टी ठूलो हुने सम्भावना त रहँदैन । आगामी एक वा दुई चुनावसम्म तेस्रो, चौथो शक्तिको रूपमा रहिरहन सक्छ ।

**तेस्रो परिदृश्य: यथास्थितिको निरन्तरता**

पार्टीमा लोकतान्त्रिक अभ्यासको अभावमा माओवादी नेता-कार्यकर्ताहरू विगतको आत्मगौरवमा रमाउने तर वर्तमानमा मणि हराएको निराश पंक्तिको बाहुल्य भएको सत्य हो । लोकतान्त्रिक अभ्यासको कमीले कार्यकर्ताको ऊर्जा मात्रै घटेको छैन पार्टीमा नयाँ पुस्ताको स्वीकार्यता र संलग्नताको कमीले उत्पादकत्व र सृजनशीलतामा ह्रास आएको छ ।

यदि संगठनात्मक सुधार प्राथमिकतामा परेन भने शीर्षस्थ नेतृत्वलाई लाग्ने गरेको व्यक्तिकेन्द्रित राजनीतिको आरोप अझ गहिरिन सक्छ । फलत: पार्टीभित्र वैकल्पिक नेतृत्व खोज्ने आवश्यकता बढ्छ । सँगसँगै अहिले प्राप्त भएको जनाधार शून्य उन्मुख हुनसक्छ । स्मरणर होस् नेकपा एमालेको विरासत कमरेड मदन भण्डारीले निर्माण गरेको लोकतान्त्रिक जग हो । पुराना भनी भाष्य निर्माण गरिएका पार्टीहरूमा आन्तरिक लोकतन्त्रको अभ्यास घटाउने र संलग्न नेता-कार्यकर्ताको अधिकार खोस्ने प्रतिस्पर्धाकै कारण आज नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीको हालत यस्तो भएको हो भन्ने कुरा बुझ्नु जरूरी छ । पार्टीभित्र लोकतान्त्रिक अभ्यास नभएपछि जस-अपजसको भागीदार नेतृत्वकै हुन्छ जुन अहिले आम पार्टी कार्यकर्ता शुभचिन्तकहरूले आक्रोशको रूपमा व्यक्त गरेबाट स्पष्ट हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# कुन-कुन संस्थाका राजनीतिक नियुक्ति हुँदैछन् खारेज ?



काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ जारी गरेका छन् ।

अध्यादेश अनुसार, विभिन्न १ सय १० वटा कानूनहरू परिमार्जन हुनेछन्, जसबाट विभिन्न नियामक निकाय, सार्वजनिक संस्था र राज्यका अन्य निकायमा गरी १५ सय ३४ सार्वजनिक पदाधिकारी पदमुक्त हुनेछन् ।

**कुन-कुन पदाधिकारी पदमुक्त हुनेछन् ?**

राष्ट्रपति कार्यालयसम्बद्ध विशेष स्रोतबाट संचारकर्मीलाई प्राप्त अध्यादेशको मस्यौदा अनुसार नेपाल वायुसेवा निगम ऐनमा भएको संशोधनले अध्यक्ष, उपाध्यक्ष, सञ्चालक र महाप्रबन्धकहरू पदमुक्त हुनेछन् ।

राष्ट्रिय समाचार समिति ऐन परिमार्जनबाट त्यसका सञ्चालकहरू पदमुक्त हुनेछन् । कर्मचारी सञ्चय कोष ऐनमा भएको परिमार्जन त्यसका अध्यक्ष, सञ्चालक र प्रशासकहरू पदमुक्त हुनेछन् । गोरखापत्र संस्थान ऐनको संशोधनले अध्यक्ष र सञ्चालकहरू पदमुक्त हुनेछन् ।

त्यसैगरी नेपाली भाषा प्रकाशन संस्थान, चलचित्र जाँच समितिका अध्यक्ष र सदस्यहरू, सञ्चार संस्थान ऐन बमोजिम नियुक्त अध्यक्ष र सदस्यहरू पदमुक्त हुनेछन् । शिक्षक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरू, गुठी समितिको विद्वत समितिका सभापति र सदस्यहरू अनि अध्यक्ष, सदस्य र प्रशासक पनि पदमुक्त हुनेछन् ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष र सदस्यहरू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक पदमुक्त हुनेछन् ।

लुम्बिनी विकास कोष, नेपाल संस्कृति विश्वविद्यालय र त्यसको सेवा आयोगका पदाधिकारी, पशुपति क्षेत्र विकास कोष, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदका पदाधिकारी पदमुक्त हुनेछन् ।

आयुर्वेद चिकित्सा परिषद्, काठमाडौं उपत्यका विकास प्राधिकरण, राष्ट्रिय बीउबिजन समितिका पदाधिकारी, नेपाल खानेपानी संस्थानका पदाधिकारी, नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारी पनि पदमुक्त हुनेछन् ।

त्यसैगरी नागरिक लगानी कोष, प्रेस काउन्सिल, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, कृषि अनुसन्धान परिषद राष्ट्रिय दुग्ध विकास बोर्ड, काठमाडौं विश्वविद्यालय, राष्ट्रिय चिया तथा कफी विकास बोर्डका पदाधिकारी पदमुक्त हुनेछन् ।

त्यसैगरी बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्तनपान संरक्षण तथा सम्वर्द्धन समिति, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, समाज कल्याण परिषद्, त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, नेपाल स्काउट, पूर्वाञ्चल विश्वविद्यालय, पत्रकार न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल नर्सिङ परिषद, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाका सबै पदाधिकारी पदमुक्त हुनेछन् ।

त्यस्तै नेपाल स्वास्थ्य व्यवसायी परिषद्, बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, पोखरा विश्वविद्यालय, दुरसञ्चार प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरणका पदाधिकारी पनि पदमुक्त हुनेछन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'अक्षरा'मा सुशीलको जोडी बन्दै '१२ गाउँ'की न्यान्सी

काठमाडौं/विनयराज पौडेलको निर्देशनमा बन्न लागेको फिल्म 'अक्षरा'मा सुशील सिटौला र न्यान्सी खड्काको जोडी बाँधिने भएको छ । शुक्रबार काठमाडौंको गुह्येश्वरी मन्दिरमा फिल्मको शुभ मुहूर्त गर्दै मुख्य कलाकारको रूपमा सुशील र न्यान्सी रहने जानकारी गराइयो । पूर्वमिस नेपाल इन्टर नेसनल समेत रहेकी न्यान्सीले फिल्म '१२ गाउँ'बाट डेब्यू गरेकी थिइन् ।

फिल्मको मुहूर्त समारोहमा स्क्रिप्ट र क्यामेरा पूजा गर्दै सुशील र न्यान्सीको मुहूर्त सट लिइएको थियो । मधुसुदन भट्टराईले निर्देशन गरेको उक्त सटमा लव प्याकुरेलले क्ल्याप बजाएका थिए भने शंकर महर्जनले 'रोल' भनेसँगै दिनेश महराले क्यामेराको 'स्वीच अन' गरेका थिए । दीपक दंगालले भने नरिवल फुटाउँदै फिल्मको शुभारम्भ गरे ।

क्षिति बाबु प्रोडक्सनको ब्यानरमा निर्माण हुने यस फिल्ममा सुशील र न्यान्सीसहित सुशील पोखरेल, अंशु महर्जन, पुष्कर राउत, रिश्ता अधिकारी, गीता अधिकारी, विरेन्द्र कुशवाह, सिर्जना अधिकारी, रोनक खड्का, प्रीसा ढुंगाना लगायतको अभिनय रहनेछ । फिल्मका निर्मातामा उग्रसेन ढुंगाना र सुग्रसेन ढुंगाना रहेका छन् भने सुरज थापा काजी कार्यकारी निर्माताको रूपमा छन् ।

दीपेन बस्न्यातले छायांकन गर्ने यस फिल्ममा गौतमराज खड्काको सम्पादन, कर्णराज गिरीको संगीत, रामजी लामिछानेको कोरियोग्राफी, शंकर महर्जनको द्वन्द्व निर्देशन, मदन न्यौपानेको श्रृंगार तथा प्रार्थना भट्टराईको भेषभुषा र हनेछ । फिल्मको पटकथा तथा संवाद अभिमन्यु निरवीले लेखेका हुन् । फिल्मको वितरण नेशनल सिने ग्रुप नेपालका दीपक दंगालले गर्नेछन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

### काठमाडौं शिक्षा क्याम्पसको वार्षिकोत्सव सम्पन्न

# अनुसन्धान, प्रविधिमैत्री शिक्षामा सरकारले सहयोग गर्छौं: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १९ बैशाख/ काठमाडौं शिक्षा क्याम्पसको ३५औं वार्षिकोत्सव सम्पन्न भएको छ । क्याम्पसले आफ्नो दीर्घ शैक्षिक यात्रामा हासिल गरेका उपलब्धिहरू, नवप्रवर्तनशील कार्यक्रम विस्तार तथा भौतिक पूर्वाधार विकासका महत्वपूर्ण उपलब्धिलाई यस अवसरमा विशेषरुपमा उजागर गरियो ।




कार्यक्रमका प्रमुखअतिथि बागमती प्रदेश सरकारका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले क्याम्पसले गुणस्तरीय शिक्षामा पुऱ्याएको योगदानको प्रशंसा गर्दै शिक्षाक्षेत्रको दिगो विकासका लागि यस्ता संस्थाको भूमिका अझ सशक्त हुनुपर्ने धारणा व्यक्त गरे । उनले नवीनसोच, अनुसन्धानमुखी शिक्षा र प्रविधिमैत्री वातावरण निर्माणमा क्याम्पसले अघि सारेका योजनालाई सफल बनाउन प्रदेश सरकारले सहयोग गर्ने विश्वास दिलाए ।

विशिष्टअतिथि बागमती प्रदेश सरकारका उद्योग मन्त्री विन्दु श्रेष्ठले शिक्षा र उद्योगबीचको सहकार्य अपरिहार्य भएको उल्लेख गर्दै सीपमूलक तथा रोजगारउन्मुख शिक्षामा जोड दिन आग्रह गरिन् । त्यसैगरी विशेषअतिथि प्रदेशसभा सदस्य पुकार महर्जन तथा यमुनादेवी श्रेष्ठले क्याम्पसको निरन्तर प्रगतिप्रति खुसी व्यक्त गर्दै आगामी दिनमा अझ सशक्त शैक्षिक केन्द्रकारुपमा विकास हुने विश्वास व्यक्त गरेका छन् ।

चन्द्रागिरि नगरपालिका मेयर घनश्याम गिरीले स्थानीय तह र शैक्षिक संस्थाबीचको सहकार्यलाई थप मजबुत बनाउने प्रतिबद्धता जनाउँदै क्याम्पसले समाज रुपान्तरणमा खेलेको भूमिकाको उच्चप्रशंसा गरे । वडा नं १० का वडाध्यक्ष शिवकुमार महर्जन, वडा नं. १५ का वडाध्यक्ष घनश्याम लुइँटेल तथा वडा नं. ८ का वडाध्यक्ष प्रल्हाद रिजालले पनि शुभकामना व्यक्त गर्दै क्याम्पसको समृद्धिका लागि सहकार्य जारी रहने बताएका छन् । यसैअवसरमा विश्वविद्यालय अनुदान आयोगका सहायक निर्देशक कपिल रिजालले आयोगले क्याम्पसलाई निरन्तर सहयोग गर्दै आएको उल्लेख गरे ।

उनले क्याम्पसले कार्यक्रम विस्तार, भौतिक पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधारमा उल्लेखनीय प्रगति गरेको भन्दै आगामी दिनमा थप नवप्रवर्तनकारी योजना अघि बढाउन प्रोत्साहन दिए । कार्यक्रममा बानेश्वर क्याम्पसका क्याम्पस प्रमुख डा.घमानसिंह खड्का, पब्लिक क्याम्पस प्राध्यापक संघका महासचिव सन्तोष पण्डितलगायतले पनि शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सभापतित्व क्याम्पस सञ्चालक समितिका अध्यक्ष प्रा.डा. माधव भट्टराईले गरेका थिए ।

क्याम्पस प्रमुख शत्रुघ्न प्रसाद गुप्ताले शैक्षिक वर्ष २०८२/८३ मा क्याम्पसले गरेका प्रमुख गतिविधिको विस्तृत जानकारी प्रस्तुत गरे । कार्यक्रममा क्याम्पस सञ्चालक समितिका सदस्य तथा समाजसेवी गौरीप्रसाद दवाडी, देवेन्द्र प्रधान, डा. कान्ता भट्टराई, संस्थापक प्राध्यापक डा. विनय कुसियतलगायत विभिन्न तहमा अध्यापनरत शिक्षक, विद्यार्थी, अभिभावक, पत्रकार तथा शुभेच्छुकको उपस्थिति रहेको थियो ।

### १४ बुँदे 'वीरगञ्ज घोषणापत्र' जारी गर्दै

# अन्तर-प्रदेश शिक्षा सम्मेलन सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, १९ बैशाख/ मधेश प्रदेशअन्तर्गत मधेश विश्व विद्यालयको संघीयता अध्ययन केन्द्र र संघीयता तथा स्थानीयकरणको संयुक्त आयोजनामा 'अन्तर-प्रदेश शिक्षा सम्मेलन सम्बन्ध, सहकार्य र आगामी कार्यदिशा' शीर्षकमा शिक्षा सम्मेलन शनिबार वीरगञ्जमा भव्यरुपमा सम्पन्न भएको छ ।

सम्मेलन मधेश प्रदेशका प्रदेशप्रमुख सुरेन्द्र लाभकर्णको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा सातै प्रदेशका शिक्षामन्त्री, मन्त्रालयका सचिवहरु तथा विभिन्न विश्वविद्यालयका कुलपति/उपकुलपतिको उल्लेखनीय सहभागिता रहेको थियो । प्रदेशगत शिक्षा अवस्थाको प्रस्तुति सम्मेलनमा सातै प्रदेशका प्रतिनिधिले आफ्नो प्रदेशको शिक्षा प्रणालीको अवस्था, चुनौती, अवसर र अन्तर-प्रदेश सहकार्यका सम्भावनाबारे विस्तृत प्रस्तुति दिएका थिए । बागमती प्रदेशबाट सचिव खुबीराम अधिकारी, गण्डकी प्रदेशबाट अतिरिक्तसचिव दामोदर सुवेदी, मधेश प्रदेशबाट निमित्तसचिव दिलिपकुमार ठाकुर, कोशी प्रदेशबाट उपसचिव यादवप्रसाद दुलालगायतले आआफ्नो धारणा राखेका थिए ।

प्रदेशप्रमुख कर्णले विश्वविद्यालयलाई कुनै तहमा सीमित नगर्नुपर्ने उल्लेख गर्दै विश्वविद्यालयलाई विश्वविद्यालयको रुपमा रहन दिनुपर्ने बताए । उनले विद्यार्थी मूल्यांकन प्रणाली सुधार गर्नुपर्नेमा जोड दिएका छन् । 'उत्तरमात्र होइन, प्रश्न सोध्ने क्षमताको पनि मूल्यांकन हुनुपर्छ' उनले भने । मधेश प्रदेश अझै साक्षरता घोषणा हुन नसकेकोप्रति चिन्ता व्यक्त गर्दै उनले यसले आफूलाई 'निद्रा नलाग्ने अवस्था' बनाएको बताए । साक्षरता घोषणा गर्ने प्रतिबद्धता कार्यक्रमकी अध्यक्ष तथा शिक्षा मन्त्री रानीकुमारी तिवारीले चालु आर्थिक वर्षभित्रै मधेश प्रदेशलाई साक्षरता प्रदेश घोषणा गर्ने लक्ष्य रहेको बताइन् । उनले तथ्यांकको विश्वसनीयता माथि प्रश्न उठाउँदै 'मिथ्या तथ्यांकले प्रदेशको छवि बिग्रिएको' गुनासो गरिन् ।

विश्वविद्यालय र मन्त्रीहरुको धारणा सम्मेलनमा विभिन्न प्रदेशका मन्त्री तथा विश्वविद्यालयका पदाधिकारीहरुले शिक्षा सुधार, समन्वय र गुणस्तर वृद्धिमा जोड दिएका थिए ।

सम्मेलनले १४ बुँदे ऐतिहासिक 'वीरगञ्ज घोषणापत्र' जारि गर्दै सातै प्रदेशका शिक्षा मन्त्रीहरुको एक साझा परिषद गठन गर्ने सहमति सहित १४ बुँदे वीरगञ्ज घोषणापत्र जारी गरेको छ । घोषणापत्रमा मुख्यरुपमा:अन्तर-प्रदेश शिक्षा समन्वय मजबुत बनाउने साक्षरता अभियानलाई तीव्रता दिने विश्वविद्यालयबीच सहकार्य विस्तार गर्ने नीति तथा तथ्यांक प्रणाली सुधार गर्नेजस्ता महत्वपूर्ण विषय समेटिएका छ ।

सम्मेलनले नेपालमा शिक्षाक्षेत्रको सुधार, समन्वय र सहकार्यलाई नयाँ दिशा दिने अपेक्षा गरिएको छ । प्रदेशहरुबीचको दूरी घटाउँदै साझा लक्ष्यतर्फ अघि बढ्ने सन्देश यस सम्मेलनले स्पष्टरुपमा दिएको छ ।

## मनहरीमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि विशेष कार्यक्रम




साझाकुरा संवाददाता

हेटौंडा, १९ बैशाख/ मनहरी गाउँपालिकाले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई लक्षित गर्दै विशेष कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ ।

गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत बजेट विनियोजन गरेर यो समुदायको सशक्तीकरणका लागि पहल अघि बढाइएको हो । गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै आफ्नो क्षेत्रभित्र स्थायीरुपमा बसोबास गर्ने लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिलाई कार्यक्रममा सहभागी हुन आह्वान गरेको छ । सूचना प्रकाशित भएको मितिबाट सात दिनभित्र आवश्यक विवरण दर्ता गराउनुपर्ने व्यवस्था गरिएको छ । विवरण दर्ताका लागि गाउँपालिकाको सामाजिक विकास शाखामा प्रत्यक्ष सम्पर्क गर्न सकिनेछ ।

यसक्षेत्रमा क्रियाशील 'फ्रेन्ड्स हेटौडा, मकवानपुर' मार्फत पनि नाम दर्ता गर्न सकिने जनाइएको छ । गाउँपालिका निमित्त प्रमुख प्रशासकीयअधिकृत राजेन्द्र भट्टराईका अनुसार यस कार्यक्रमले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सशक्तीकरण, समावेशी विकास र सामाजिक पहुँच विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## मकवानपुरमा सार्वजनिक जग्गा अतिक्रमणको तथ्यांक संकलन सुरु




साझाकुरा संवाददाता

हेटौंडा, १९ बैशाख/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लाका विभिन्न स्थानमा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका भौतिक संरचनाको तथ्यांक संकलनकार्य सुरु गरेको छ ।

गृह मन्त्रालयले देशभरका ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा पहिचान गरी हटाउन परिपत्र गरेसँगै मकवानपुरमा पनि यो प्रक्रिया अघि बढाइएको हो । गृह मन्त्रालयले बुधबार सचिवस्तरीय निर्णय गर्दै देशभरका प्रमुख जिल्ला अधिकारीलाई सुरक्षा प्रबन्धसहित आवश्यक सहजीकरण गर्न निर्देशन दिएको थियो । मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय गरी जिल्लाका अतिक्रमित जग्गाको पहिचान गर्न र त्यस्ता जग्गामा रहेका संरचना हटाउने कार्ययोजना तयार पारी मन्त्रालयमा पठाउन निर्देशन दिएको छ ।

मन्त्रालयको परिपत्र र निर्देशनका आधारमा मकवानपुरमा अहिले तथ्यांक संकलनको काम भइरहेको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार अहिले पहिलोचरणमा कुनकुन ठाउँमा कति जग्गा अतिक्रमण भएको छ र कस्ता संरचना बनेका छन् भन्ने विवरण संकलन भइरहेको छ । तथ्यांक संकलन भएपछि मन्त्रालयबाट प्राप्त हुने थप निर्देशन र कार्ययोजनाअनुसार अतिक्रमण हटाउने कार्यलाई अगाडि बढाइने उनले बताए ।


# वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

*डढेलोबाट वन जोगाऔं-अमूल्य वन सम्पदाको संरक्षण गरौं ।*

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।


वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय मकवानपुर
हेटौंडा, नेपाल



# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना